# इन्द्रेणी ई-बुलेटिन

समाज परिवर्तनको संवाहक

इ-बुलेटिन मासिक | अंक १ | वर्ष १ | महिनाः भाद्र २०७२


**संरक्षक**
रुद्र मश्राङ्गी

**सम्पादक**
दशरथ अस्लामी

**सम्पादन सहयोगी**
राम बहादुर पाटा
यम राना
नवराज शर्मा
गोपाल खराल
निर्मला दर्नाल



**सम्पर्कको लागि**
इन्द्रेणी समाज केन्द्र, नेपाल
फोन ०७५५२००९१
इमेलः iskpalpa@yahoo.com
वेबसाइटः www.isknepal.org.np


ISK NEPAL




## समाचार संक्षेप

- तानसेनमा जिल्ला स्तरिय एचआइभी रोकथाममा क्रियाशिल सरोकारवालाहरुको बैठक सम्पन्न ।
- गल्धा र मित्यालमा २७७ बाख्रा र ७१ व्याडे बोका वितरण।
- डिआइसी व्यवस्थापन समिति बैठक रामपुरमा सम्पन्न ।
- योजनावद्ध समूह छलफलमा महिलाहरुको बढ्दो सक्रियता ।
- गल्धा र मित्यालका महिलाहरु आत्मनिर्भर बन्दै ।
- गल्धा र मित्यालमा घाँस वितरण सम्पन्न ।
- यस आ.व. को लागी ५ झोलुङ्गे पुलको सर्वेक्षण पुरा ।
- ४० महिला समूहमा पशुसुधार तालिम संचालन ।




## अतिरिक्त क्रियाकलाप सम्पन्न

इन्द्रेणी समाज केन्द्र नेपालद्धारा अर्न्तराष्ट्रिय विकासका लागि अमेरिकी सहयोग नियोग (USAID), एफएचआई ३६० साथसाथ प्रोजेक्टको आर्थिक तथा प्राविधिक सहयोगमा संचालित एचआईभी र एड्स तथा यौन रोग रोकथाम, उपचार तथा हेरचाह कार्यक्रम अन्तर्गत भाद्र २३ गतेका दिन सहमति डिआईसी रामपुरमा योजनाबद्ध समूह छलफल कार्यक्रम सम्पन्न भयो । सो छलफल कार्यक्रममा १० जना आप्रवासी कामदारका श्रीमतिहरुको सक्रिय सहभागिता रहेको थियो । २४ बर्षभन्दा कम उमेरका महिलाहरुसंग उक्त छलफल गरिएको हो । सहभागीहरुवीचमा इन्द्रेणी समाज केन्द्र, नेपाल साथसाथ प्रोजेक्टले प्रदान गर्ने सेवाको प्रभावकारीता, पहुँच, बाधा र चुनौतिका बारेमा छलफल गरिएको थियो । साथै प्रोजेक्टले प्रदान गर्ने एचआइभी परिक्षण, यौनरोग जाँच उपचार सेवा सेवा सुदृढिकरणबारेमा छलफल गरिएको थियो ।

छलफलमा संस्थाका फिल्ड सुपरभाइजर निर्मला दर्नालले एचआईभी, एड्स, यसको जोखिम, सर्ने माध्यम, बच्ने उपायका बारेमा जानकारी गराइएको थियो । उहाँले एचआईभी रोकथामका लागि एबिसी मोडलको बारेमा छलफल गराउनुको साथै एचआइभी र यौनरोग वीचको सम्बन्ध, जाँच उपचारका बारेमा पनि जानकारी दिइएको थियो ।

'फलेको हाँगो संधै नुघेको हुन्छ ।'

## फोटो ग्यालरी






सर्पको विष टाउकोमा हुन्छ, बिच्छीको विष पुच्छरमा हुन्छ भने खराब मानिसको विष शरिर भरि हुन्छ ।

## सिर्जना स्तम्भ

### शिर्षकः लेखिदिन्छु नाम

इन्द्रेणी सप्तरंगी लेखिदिन्छु नाम
जुग-जुग बाँचीरहुँ तिमीलाई प्रणाम ।
तिमी सुस्त झुल्के पनि घाम जस्तो लाग्छ
उमंगका तरंगले अंङ्ग अंङ्ग ढाक्छ ।
तिमी सुस्त अस्तायपनी जुन जस्तो लाग्छ
उत्साहको रोदनले मन भरी ढाक्छ ।
तिमी सुस्त बोले पनि गीत जस्तो लाग्छ
दाँयाबाँया चल्दा पनि नाचे जस्तो लाग्छ
यो मनको ढुकढुकीले तिम्रै नाम लिन्छ
दुख पिडा भुलाईदिन्छौ खुशीले मन छुन्छ
सजायर तिमीलाई राखे मुटु भित्र
तिम्रै नाममा समर्पित छु कोरे चित्र बिचित्र
सधै तिम्रो संम्झनामा डुबि राख्न पाँउ
अजम्मरी नाता हाम्रो छाति भित्र सजाउ ।
इन्द्रेणी सप्तरंगी लेखिदिन्छु नाम
जुग-जुग बाँची रहुँ तिमीलाई प्रणाम ।

सरस्वती न्योपाने
ख्याहा-६, पाल्पा

## फोटो कलेक्शन



झोलुङ्गे पुल



बाख्रा वितरण गर्दै



समूह छलफल

## सफलताको कथा

### महिलाको आफ्नै कमाइ

पाल्पा जिल्ला मित्याल गा.वि.स. वार्ड नं १ खोपलाक निवासी माया कुमारी खाम्चा आप्रवासी कामदारकी श्रीमती हुन् । उनको श्रीमान श्याम बहादुर खाम्चा विगत २० बर्ष अगाडि देखि अहिलेसम्म पनि इण्डिया, कतार, मलेसिया आदि देशहरुमा कामको सिलसिलामा आउनेजाने गर्छन् । उनको परिवारमा छोरी सुनिता, छोरा बोम बहादुर र तेजन खाम्चा सहित ५ जनाको परिवार छन् । माँया कुमारी केही वर्ष अघिसम्म श्रीमान्को भरमा घर व्यवहार देखि लिएर सबै कुराको साहारा श्रीमान्संग मात्र निर्भर थियो । पशुपालन खेतिपातीमा खासै चासो लिन्थिनन् । तरकारी समेत एक सिजनमा श्रीमान्ले कमाएको पैसाले २५००-३००० सम्म छिमेककोमा किनेर खानुपर्थ्यो । श्रीमानको कमाईबाट मात्र बाँच्न बानी परेकी माया हेफर ईनटरनेशनल नेपाल, गल्धा र मित्याल गा.वि.स.को साझेदारीमा इन्द्रेणी समाज केन्द्र, नेपालबाट सञ्चालन भएको साना किसान उद्यमी सवलीकरण परियोजनामा खोपलाकी महिला मूल समुहमा आबद्ध भईन् । जब हेफर आधारशिला तालिम सञ्चालन भयो उनी ४ दिन आधारशिला तालिम सहभागी भईन् । तालिम पश्चात उनले आधा रोपनी जग्गामा तरकारी खेती शुरुवात गर्न थालिन । परिमाण स्वरुप तरकारी खेतीबाट राम्रो आम्दानी भयो र गरेपछि हुंदोरहेछ भन्ने भयो । पहिला तरकारी किनेर खाने परिवार अहिले आफूले खाएर बेच्नेसम्म भइन् । एक सिजनमा घरखर्च गरेर उत्तिकै रकम आम्दानी लिन थालेकी छिन् । माया कुमारीले अहिले बाख्रापालन गर्न शुरु गर्न थालेकी छिन् । परियोजनाबाट उपहार पाएर एउटा बाख्राको माउ पाल्न शुरु गरेकी छिन् । घाँस लाउन थालेकी छिन् । उनले आफू जस्तो आप्रबासी कामदारकी परिवारहरु विशेष गरि घर छोडी अरुको घरमा भाडामा बस्नेहरुलाई दिगोपना र आत्मनिर्भरताका सन्देश दिन थालेकिछिन् ।

### आ.व. मा २०७१/२०७२ मा ६ वटा पुलको निर्माणकार्य सम्पन्न ।

इन्द्रेणी समाज केन्द्र नेपालले जिल्ला विकास समिति पाल्पाको कार्यादेशमा प्राविधिक तथा सामाजिक परिचालन सहयोग गरि ६ वटा पुलहरुको निर्माण कार्य सम्पन्न गरेको छ । जिल्लामा निर्माण भएका झोलुङ्गे पुलहरुको प्राविधिक सहयोग RTAP पोखरा तथा जि.वि.स. अन्तर्गत जिल्ला प्राविधिक कार्यालयबाट समेत हुने गर्दछ । यस आर्थिक वर्ष २०७१/०७२ मा इन्द्रेणी समाज केन्द्र नेपाललाई कार्यादेश प्राप्त मध्ये छ वटा पुल निर्माण सम्पन्न भएका छ । सम्पन्न झोलुङ्गे पुलहरुमा सर्देवाखोला दुमै घाट - ख्याह र सिद्धेश्वर जोड्ने सर्देवाखोलामा, बसेनी घाट - जुठापौवा र अर्घाखाँची जिल्लाको पोखराथोक जोड्ने ठूलो खोलामा, सारङ्गीखोला घाट - ज्यामिरे गा.वि.स.को सारङ्गी खोलामा, दुनार्दी घाट - मित्यालको दुनार्दी खोलामा, आग्रीढाँड घाट - रामपुर नगरपालिकाको सिउँडी खोलामा र गाबुटारी घाट - रहबासको बसेनी खोलामा निर्माण कार्य सम्पन्न भएको हो । यि झोलुङ्गे पुलहरुको जम्मा लागत रु.१२,५३३,०९६.६६ मा सम्पुर्ण निर्माण कार्य सम्पन्न भएको छ । लागत रकम मध्ये जिल्ला विकास समितिबाट तीन (३)%, सम्बन्धित गा.वि.स.बाट ३%, समूदायको तर्फबाट श्रमदान दुई (२)% र बाँकी ९२% झोलुङ्गे पुल क्षेत्रगत कार्यक्रमबाट रहेको छ । सबै झोलङ्गे पुलहरु निर्माण गर्नु अगावै सार्वजनिक सुनुवाई भएको थियो भने निर्माणको क्रममा पनि सार्वजनिक समिक्षा र निर्माणकार्य सम्पन्न भए पछि सार्वजनिक लेखापरिक्षण समेत भएको छ । निर्माणकार्य सम्पन्न भएको सबै पुलहरुमा बृहत मर्मत सम्भार समिति गठन गरि प्रत्येक पुलहरुमा १/१ जना पुल हेरालु समेत व्यवस्था गरिएको छ । झोलुङ्गे पुलमा नियमित मर्मत सम्भारकार्य गरे बापत नेपाल सरकारबाट झोलङ्गे पुल हेरालुलाई प्रोत्साहन स्वरुप प्रति पुल बार्षिक छ हजार रुपैयाँ दिने व्यवस्था रहेको छ ।

©सर्वाधिकारः इन्द्रेणी समाज केन्द्र नेपालमा सुरक्षित